# गौरादह राजपत्र


## गौरादह नगरपालिकाद्धारा प्रकाशित

### खण्ड १ संख्या १, असार ३२ गते, २०७५ साल,

### भाग १


स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम गौरादह नगर सभाले स्वीकृत गरी जारी गरेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीकालागि प्रकाशन गरिएकोछ ।

## गौरादह नगर खेलकुद विकास ऐन २०७५

**प्रस्तावना:**

खेलकुदको माध्यमवाट विद्यार्थी तथा सर्वसाधारण जनताको शारीरिक तथा मानसीक विकास गरी  अनुसासित नागरिक तयार गर्नको  निमित खेलकुद सम्वन्धी तालीम, संचालन गरी सबै किसिमको खेलकुद आयोजना गर्न तथा राष्ट्रीय र जिल्लास्तरमा हुने खेलकुद प्रतियोगितामा गौरादह नगरको उपयुक्त सहभागीता समेतको आवश्यक ता महसुस गरी खेलकुदको विकास गर्न वान्छनीय भएकोले गौरादह नगरपालिकाको दोस्रो नगर सभावाट यो ऐन वनाईएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

१) यस ऐनको नाम "गौरादह नगर खेलकुद विकास ऐन २०७५" रहेको छ ।

२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएपछि तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

१) समिति भन्नाले दफा ३ बमोजिम स्थापना भएको गौरादह नगर खेलकुद समिति सम्झनु पर्दछ ।

२) सदस्य भन्नाले समितिको सदस्य सम्झनु पर्दछ सो शव्दले समितिको अध्यक्ष उपाध्यक्ष, सचिव र कोषाध्यक्ष लाई समेत जनाउछ ।

३) अध्यक्ष भन्नाले समितिको अध्यक्षलाई सम्झनु पर्दछ ।

४) सचिव भन्नाले समितिको सचिवलाई सम्झनु पर्दछ ।

५) वडा खेलकुद विकास समिति भन्नाले दफा १२ बमोजिम गौरादह नगरका वडामा गठन भएका वडा समिति लाई सम्झनु पर्दछ ।

६) खेलकुद सम्वन्धी संस्था भन्नाले दफा १३ बमोजिम दर्ता भएको संस्था सम्झनु पर्दछ ।

७)"तोकिएको वा तोकिएबमोजिम भन्नाले" यस ऐन अन्तर गर्न बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्दछ ।

## ३. समितिको स्थापना

१) खेलकुदको विकास गर्नको लागी नगर खेलकुद समितिको नामले एकनगर खेलकुद विकास समितिको स्थापना हुनेछ ।

२) उपदफा (१) बमोजिम स्थापना हुने समितिमा देहायका सदस्य रहनेछन् :

१) नगरकार्यपालिकाले तोकेको कार्यपालिका सदस्य वा नगर सभा सदस्य — अध्यक्ष १

२) नगरशिक्षा शाखा प्रमुख — सदस्य १

३) खेलजगतमा प्रतिभा आर्जन गरेका नगरभित्रका कम्तीमा २ जना महिला पर्ने गरी र ३ जना खेलाडी पर्ने गरी नगरपालिकाले तोकेका ५ जना — सदस्य ५

४) वडा खेलकुद समितिका अध्यक्ष — सदस्य ९

५) नगरमा रहेका खेलकुद संस्थाबाट सिफारिस भएका मध्ये अध्यक्षले तोकेका सदस्य — २

६) नगरभित्रका सामुदायिक/माध्यमिक विद्यालयका प्र.अ. वा खेल शिक्षक मध्ये बाट समितिले तोकेको १ जना सदस्य. — १

७) नगरभित्रका क्याम्पस मध्येबाट स्वतन्त्र विधार्थी यूनियन स्ववीयूले सिफारिस गरेका मध्ये समितिले तोकेका विद्याथी — सदस्य १





८) प्रमुख प्रशासकीय अधिकृतले तोकेका नगरपालिकाको अधिकृत — सदस्य १

३) अध्यक्षले सदस्यमध्ये बाट समितिको उपाध्यक्ष, सचिव र कोषाध्यक्षको नियूक्ति गर्नेछ ।

४) समितिले आवश्यक ठानेमा कुनै स्वदेशी विशेषज्ञ वा सल्लाहकार लाई समितिको वैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

५) समितिको कार्यालय गौरादह नगरपालिकामा रहनेछ ।

## ४. समितिको संरक्षक

१) नगर प्रमुख समितिको संरक्षक हुनेछ ।

२) अध्यक्षैले समितिको वार्षिक प्रतिवेदन नगर प्रमुख समक्ष पेश गर्नुपनेछ ।

३) संरक्षकले दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

## ५. समिति स्वसाशित संगठीत संरचना हुने ।

१) समिति अविछिन्न उतराधिकारीवाला स्वसाशित र संगठित संस्था हुनेछ ।

२) समितिको सबै काम कार्वाहीको निमित आफ्नो छुट्टै छाप हुनेछ ।

(३) समितिको व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्तगर्न उपभोगगर्न, बेच-बिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) समितिले व्यक्तिसरह नालिस उजूरगर्न र समिति उपरपनि सोही नामबाट नालिस उजूर लाग्नसक्ने छ ।

## ६.पदावधि:

(१) मनोनित सदस्यहरुको पदावधि चारवर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरुको पुन: मनोनयन हुनसक्नेछ ।

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिको लागि दफा ३ को प्रकृया बमोजिम पदपूर्ति गरिनेछ ।

(३) सदस्यले राजीनामा गरेमा निज आफ्नो पदबाट मुक्तभएको मानिनेछ ।

(४) कुनै सदस्यले आफ्ना कर्तव्य पालना गरेकोछैनभन्ने लागेमा समितिको सिफारिसमा नगरपालिकाले त्यस्ता सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ । त्यस्तो कारवाहीगर्दा सम्बन्धित सदस्यलाई सफाईदिने मौकाबाट बञ्चितगरिने छैन ।

## ७. सदस्यको अयोग्यता:

देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहनसक्ने छैन:-





(१) गैर नेपाली नागरिक,

(२) समितिमा कार्यरत वैतनिक कर्मचारी,

(३) साहुको ऋण तिर्न नसकी दामासाहीमा परेको,

(४) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको, वा. मगज बिग्रेको ।

(५) पदेन सदस्य बाहेक अन्य सदस्य २१ वर्ष उमेर पूरानभएका ।

## ८. सदस्यता समाप्त हुने अवस्था:

देहायको अवस्थामा सदस्यता समाप्त भएको मानिनेछ:-

(१) दफा ७ बमोजिम सदस्यमा बहाल रहन अयोग्य भएमा,

(२) सदस्यले राजीनामा गरेमा,

(३) मृत्यु भएमा, वा

(४) समितिलाई कारण सहितका सूचना नदिई लगातार तीनपटकभन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा ।

## ९. समितिको बैठक र निर्णय:

(१) अध्यक्षबाट निर्देशन भए अनुसार सचिवले मिति, समय र स्थान तोकी समितिको बैठक बोलाउनेछ ।

(२) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले र निज पनि अनुपस्थित भएमा सदस्यहरुले आफूमध्येबाट छानेका सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठककोलागि गणपूरक सख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठक वर्षमा कम्तिमा चारपटक बस्नेछ ।

(५) जम्मा सदस्यसंख्याको तीन खण्डको एक खण्ड सदस्यहरुले मनासिव माफिक कोकारण देखाई बैठक बोलाइयोस भनी अध्यक्ष समक्षलिखित अनुरोधगरेमा अध्यक्षले यथाशीघ बैठक बोलाउनु पर्नेछ ।

(६) बैठकमा बहुमतको राय मान्यहुनेछ र मतबराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिन पाउनेछ ।

(७) सदस्य-सचिवले बैठकको निर्णय पुस्तिका राख्नेछ ।

(८) यस दफामा लेखिए देखि बाहेक बैठक सम्बन्धी अन्य कार्य विधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## १०. समितिको काम, कर्तव्य र अधिकार:

समितिको काम, कर्तव्य र अधिकार देहाय् बमोजिम हुनेछ:-

(१) खेलकूदको स्तरमा बृद्धिगर्न समय समयमा वडा र नगर खेलकूदका प्रतियोगिताहरुको आयोजना गर्ने,

(२) खेलकूद सम्बन्धी प्रतियोगिता वा बैठकमा भागलिन खेलाडी, समितिका सदस्य तथा कर्मचारीलाई जिल्ला, प्रदेश र केन्द्रमा पठाउने,





(३) नगर कार्यपालिकालाई खेलकूद सम्बन्धी कुरामा सल्लाह दिने,

(४) खेलकूद सम्बन्धी संस्थालाई आर्थिक वा अन्य सहयोग प्रदान गर्ने वा त्यस्तो सहयोगकालागि नगर कार्यपालिका समक्ष सिफारिश गर्ने,

(५) शिक्षण संस्थाहरुमा खेलकुद सम्बन्धी प्रशिक्षण, प्रतियोगिता संचालन गर्ने तथा खेलकुदको उपयोगिताका सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने,

(६) खेलकूद सम्बन्धी स्तर बढाउने पुस्तक, पर्चा, स्लाईड, चलचित्र वा भिडियो चलचित्र आदिको लेखक वा निर्मातालाई आर्थिक वा अन्य सहयोग प्रदानगरी प्रोत्साहित गर्ने,

(७) खेलकूदको उत्तरोत्तर विकासकालागि आवश्यकतानुसार नगर भर रंगशाला तथा खेलकूद मैदानको निमाणगरी तिनीहरुको संरक्षण तथा रेखदेख गर्ने,

(८) खेलकुदको विकासकालागि नगर तथा वडा खेलकुद विकास समिति गठन गर्ने ।

(९) खेलकूद सम्बन्धी संस्थालाई समय समयमा आवश्यक निर्देशन दिने,

(१०) खेलाडीहरुको स्तरबृद्धिगर्न आवश्यकतानुसार स्वदेशी तथा विदेशी प्रशिक्षकहरुबाट तालीम दिलाउने व्यवस्थागर्ने र उपयुक्त खेलाडीको छनौटगरी आवश्यकतानुसार विदेशमा समेत तालीम हासिलगर्नको लागि पठाउने, तर विदेशी

प्रशिक्षक झिकाउँदा समितिले नगरपालिकामार्फत नेपाल सरकारको पूर्वस्वीकृति लिएको हुनुपर्नेछ ।

(११) खेलाडीहरुलाई आर्थिक सहायता तथा छात्रवृत्ति प्रदान गर्नकोलागि नगर कार्यपालिकासमक्ष सिफारिश गर्ने,

(१२) खेलाडीको स्वास्थ्यको संरक्षणगर्नकोलागि आवश्यक व्यवस्था गर्ने,

(१३) विभिन्नकारणबाट शारीरिक तथा मानसिक रुपमा विकलाङ्गहुन पुगेका अपाङ्गहरुको खेलकूदको विकासगर्न तालिम तथा प्रतियोगिता संचालन गर्ने व्यवस्था गर्ने र आवश्यकता नुसार त्यस्ता खेलकूदको महत्वको सम्बन्धमा प्रचारप्रसार गर्ने गराउने,

(१४) खेलकूदको विकासको लागि अन्य आवश्यक व्यवस्थाहरु गर्ने गराउने ।

**११. समिति वा उप समिति गठन गर्न सक्ने:**

(१) समितिले यो ऐन वा यसऐन अन्तर्गत बनेका नियम बमोजिम आफूले गर्नु पर्ने कुन काम गर्नकोनिमित्त आवश्यकतानुसार समिति वा उपसमितिहरु गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित समिति वा उपसमितिहरुको काम, कर्तव्य, अधिकार र कार्यविधि समितिले तोकेबमोजिम हुनेछ ।





**१२. खेलकुद विकास समिति:** (१) खेलकुदका विकास र विस्तार गर्नकोलागि समितिले तोकेबमोजिम प्रत्येक वडामा वडा खेलकुद विकास समितिगठन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम गठित खेलकुद विकास समितिका काम, कर्तब्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१३ खेलकुद सम्बन्धी संस्थाका दर्ता:**

(१) खेलकुद सम्बन्धी गतिविधि सञ्चालन गर्न प्रचलित कानून बमोजिम दर्ताभएको संस्थाले समितिमा समेत दफा १४ बमोजिम दर्ता गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिमा दर्ता नभएका खेलकुद सम्बन्धी संस्थाले नगर भित्र खेलकुद सम्बन्धी गतिविधि सञ्चालन गर्नसक्ने छैन ।

**१४. नामदर्ताकालागि दरखास्त दिनुपर्ने:**

(१) समितिको लगतमा नामदर्ता गराउन चाहने खेलकूद सम्बन्धी संस्थाले देहायका कुराहरु खुलाई समितिमा नामदर्ताकोलागि दरखास्त दिनुपर्नेछ:-

(क) संस्थाको नाम र ठेगाना,

(ख) संचालन गरिने खेलकूदको किसिम,

(ग) कार्य कारिणीसमितिका सदस्यहरुको नाम, ठेगाना र पेशा ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिंदा खेलकूद सम्बन्धी संस्थाले आफ्नो विधानको एकप्रति प्रतिलिपि समेत दरखास्त साथ संलग्न गरेको हुनु पर्नेछ ।

**१५. खेलकूद सम्बन्धी संस्थाको नामदर्ता गर्न सक्ने:**

(१) दफा १४ बमोजिम नामदर्ता गराउनका लागि खेलकूद सम्बन्धी संस्थाको दरखास्त परेमा त्यस्ता दरखास्त प्राप्त भएका मितिले पैंतीसदिन भित्र समितिले आवश्यक जाँचबुझगरी त्यस्ता खेलकूद सम्बन्धी संस्थालाई आफ्नो लगतमा नामदर्ता गर्नसक्नेछ ।

(२) उपदफा (१) बमोजिम लगतमा नामदर्ता गरेकोमा दर्तागरिएको सूचना वा दर्तागर्न नसकिने ठहरिएमा दर्तागर्न नसकिने व्यहोराको सूचना समितिले त्यस्तो खेलकूद सम्बन्धी संस्थालाई दिनुपर्नेछ ।

**१६. हेरफेरको सूचना गर्नुपर्ने:**

(१) या ऐन बमोजिम समितिको लगतमा नामदर्ता भएका खेलकूद सम्बन्धी संस्थाले दफा १४ बमोजिम नामदर्ताकोलागि दिएका दरखास्तमा उल्लेख भएको व्यहोरा वा दरखास्त साथ संलग्न विधानको व्यहोरामा कुनै हेरफेर भएमा त्यसरी हेरफेर गर्नुपरेका कारणसहितका सूचना पन्ध्रदिन भित्र समितिलाई दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम हेरफेरको सूचना प्राप्तभएपछि त्यस्ता हेरफेर गर्नु पर्ने कारण मनासिव देखेमा समितिले त्यस्ताहेरफेरको व्यहोरा लगतमाजनाई लगतअद्यावधिक बनाई राख्नु पर्नेछ ।

**१७. खेलकूद सम्बन्धी संस्थाले हिसाबका श्रेस्ता, राख्नुपर्ने:**

(१) खेलकूद सम्बन्धी संस्थाले





आफ्नो आम्दानी खर्चको हिसाबको श्रेस्ता समितिले तोकिदिएको ढाँचामा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खेलकद सम्बन्धी संस्थाले राखेको श्रेस्ताका जाँचबुझ समितिले जहिलेसुकै पनि गराउन सक्नेछ ।

(३) समितिले उपदफा (२) बमोजिम खेलकूद सम्बन्धी संस्थाका श्रेस्ताको जाँचबुझ गर्दागराउँदा आम्दानीखर्चको हिसाब किताब अनियमिता भएको वा रकम हिनामिना भएको देखिएमा त्यसरी अनियमित भएको हिसाबकिताब नियमितगर्न लगाउन र हिनामिना भएको रकम सम्बन्धित व्यक्तिबाट असूल उपरगर्न गराउन आवश्यक कारवाही चलाउनु पर्नेछ ।

**१८. समितिले निर्देशन दिन र लगतबाट नाम कट्टानगर्नसक्ने:**

(१) समितिले खेलकूद सम्बन्धी : संस्थालाई खेलकूदको विकासका सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिनसक्नेछ र त्यस्ता निर्देशनको पालना गर्नु सम्बन्धित खेलकूद सम्बन्धी संस्थाको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम समितिले दिएका निर्देशनको पालना नगर्ने खेलकूद सम्बन्धी संस्था वा दफा १७ बमोजिम समितिले तोकिदिएकाढाँचामा आफ्नो आम्दानी खर्चको हिसाब किताबको श्रेस्ता नराख्ने वा रकम हिना मिना गर्ने खेलकूद सम्बन्धी संस्थाका नाम समितिले आफ्नो लगतबाट कटान गर्नसक्नेछ ।

(३) उपदफा (२) बमोजिम समितिले आफ्नो लगतबाट कुन खेलकूद सम्वन्धी संस्थाका नाम कट्टा गरेमा त्यसका सूचना सम्वन्धित खेलकुद सम्बन्धी संस्थालाई दिनु पर्नेछ ।

**१९. समितिको स्वीकृति लिनुपर्ने:**

लकूद सम्बन्धी संस्थाले राष्ट्रिय खेलकूद प्रतियोगिता वा राष्ट्रिय खेलकूद विषयको सभा वा सम्मेलनमा भागलिन कुनसदस्य वा खेलाडीलाई पठाउन वा नेपालमाहुने खेलकूद प्रतियोगिता वा राष्ट्रिय खेलकूद विषयको सभा वा सम्मेलनमा जिल्ला वा नगरको खेलाडी वा अधिकारीहरुलाई आमन्त्रण गर्न समितिको स्वीकृति लिनुपर्नेछ ।

**२०. समितिको कोष:**

(१) समितिको आफ्नो एउटा छुटै कोष हुनेछ र सो कोषमा देहायका रकम हरु रहनेछन:-

(१) नगरपालिकाबाट प्राप्त रकम,

(२) खेलकूद सम्वन्धी प्रशिक्षण प्रदान गरेबापत लिनेशुल्क,

(३) खेलकूद प्रदर्शनगरी आर्जन भएको रकम,

(४) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरुप प्रदान गरेका रकम,

(५) राष्ट्रियसंघ संस्था, नेपाल सरकार वा एजेन्सीबाट प्राप्त रकम,

(६) अन्तराष्ट्रिय संघ संस्था वा एजेन्सीबाट प्राप्त रकम

(७) अन्य कुनैस्रोतबाट प्राप्त रकम ।





(२) उपदफा (१) को खण्ड (६) अन्तर्गत रकम प्राप्तगर्न समितिले नगर कार्यपालिका मार्फत नेपाल सरकारको पूर्वस्वीकृति लिनुपर्नेछ ।

(३) समितिको नामबाट गरिने सबै खर्च कोषबाट व्यहोरिने छ ।

(४) समितिको कोषमा रहने रकम कुनै बैंक वा वितिय सस्थामा खाता खोली जम्मा गरिनेछ ।

(५) समितिको खाता संचालन तोकिए बमोजिम हुनेछ ।

२० क. सम्झौता गर्दा नगर कार्यपालिकाको स्वीकृति लिनुपर्ने: समितिले आफ्ना कार्यसञ्चालनको सिलसिलामा विदेशी सरकार वा राष्ट्रिय संस्था वा विदेशी संस्था वाव्यक्तिसँग सम्झौता गर्दा नगर कार्यपालिकाको स्वीकृति लिनुपर्नेछ ।

**२१. लेखा र लेखापरीक्षण:**

(१) समितिको आयव्ययको लेखा तोकिए बमोजिम राखिनेछ ।

(२) समितिको लेखापरीक्षण मान्यता प्राप्त लेखा परिक्षक बाट हुनेछ ।

(३)नगर कार्यपालिकाले चाहेमा समितिको आयव्ययको लेखा, त्यस सम्बन्धी कागजात र अरु नगदी, जिन्सी समेत जुनसुकैबखत जाँच्न वा जाँच्नलगाउन सक्नेछ ।

**२२. सदस्यहरुको भत्ता:**

(१) सदस्यहरुले समितिको बैठकमा भागलिए बापत तोकिए बमोजिम बैठक भत्ता पाउनेछन् ।

(२) सदस्यले समितिको कामविशेषले भ्रमण गर्नुपरेमा तोकिए बमोजिमको भ्रमण तथा दैनिक भत्ता पाउनेछन् ।

**२३. सचिवका पारिश्रमिक र भत्ता:**

(१) सचिवले समितिमा पूरा समय कामगरेबापत तोकिए बमोजिमको मासिक पारिश्रमिक पाउनेछ ।

(२) सचिवले भ्रमणगर्दा पाउने भ्रमण तथा दैनिक भत्ता तोकिएबमोजिम हुनेछ ।

**२४. समितिको कर्मचारी:**

(१) समितिले आफनो कोषबाट खर्चव्यहोर्नेगरी आवश्यकता अनुसार कर्मचारीहरु नियुक्ति गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त समितिका कर्मचारीहरुको पारिश्रमिक, सुविधा तथा सेवाका अन्यशर्तहरु तोकिए बमोजिम हुनेछ ।

**२४ क. कर्मचारीको संघ:**

समितिका तोकिएका श्रेणीका प्राविधिक, प्रशासनिक र श्रेणी विहिन कर्मचारीले तोकिए बमोजिम पेशागत संघ संस्था गठन गर्न सक्नेछन ।

**२५. अधिकार प्रत्यायोजन:**

समितिले यो ऐन वा यसऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरुमध्ये सबै वा केही अधिकार आवश्यकता अनुसार अध्यक्ष, उपाध्यक्ष, सदस्य-





सचिव, कोषाध्यक्ष, सदस्य वा समितिका कुनै कर्मचारी वा समिति वा उपसमितिलाइ प्रत्यायोजन गर्नसक्नेछ ।

**२६. नगर कार्यपालिकाले निर्देशन दिनसक्ने:**

(१) नगर कार्यपालिकाले खेलकूदका विकास गर्नकोलागि समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नगर कार्यपालिकाले दिएका निर्देशनको पालन गर्नु समितिको कर्तव्य हुनेछ ।

**२७. सजाय:**

(१) समितिको कुनै कर्मचारीले जानी जानी वा लापरवाहीगरी वा बदनियतसाथ समितिलाई हानी नोक्सानी पुऱ्याएमा निजबाट बिगोअसूलगरी निजलाई तीन महीना सम्म कैद वा तीनहजार रुपैयाँसम्म जरिबाना वा दुबै सजाय हुनेछ ।

(२) समितिको कुनै कर्मचारीले समितिको लेखापरीक्षण गर्ने कार्यमा खटिएका लेखापरीक्षकलाई निजको कामकाजमा बाधा अवरोध गरेमा वा निजले मागेको आवश्यक लिखत वा सूचना नदिएमा त्यस्ता कर्मचारीलाई दुईहजार रुपैयाँ सम्म जरिबाना हुनेछ ।

(३) उपदफा (१) र (२) मा लेखिए देखि बाहेक समितिको कुनै कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमको बर्खिलाप हुनेगरी कुनै कामकारबाही गरेमा निजलाइ एकहजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

**२८. नियम बनाउने अधिकार:**

यस ऐनको उद्देश्य पूर्तिकालागि समितिले नगर कार्यपालिकाको स्वीकृतिलिई आवश्यक नियमहरु बनाउन सक्नेछ ।

**२९. नगर कार्यपालिकासँग सम्पर्क:**

समितिले नगर कार्यपालिकासँग सम्पर्कराख्दा सामाजिक विकास समिति मार्फत राख्नेछ ।

**३०. खारेजी र बचाउ:**

(१) राष्ट्रिय खेलकूद समितिऐन, २०२१ बमोजिम राष्ट्रिय खेलकूद परिषद्को लगतमार जिल्ला खेलकुद बिकास समितिमा नामदर्ता भएका खेलकूद सम्बन्धी संस्थाहरुको नामदर्ता यसैऐन बमोजिम भए गरेको मानिनेछ तर नगर खेलकुद समितिमा सुचिकृत गर्नुपर्ने छ ।

(२) राष्ट्रिय खेलकूद समिति ऐन, २०२१ बमोजिम विभिन्न मितिमा गठित खेलकूद विकास समितिहरु यो ऐन बमोजिम अर्को विकास समितिहरु गठन नभएसम्म कायम रहनेछन् ।

प्रमाणित मिति : २०७५ श्रावण ६ गते

आज्ञाले
सागर मिश्र
प्रमुख प्रशासकीय अधिकृत